# स्थानीय तह निर्वाचन सम्बन्धी कानुनी व्यवस्था

सूर्य प्रसाद अर्याल
उपसचिव एवं सहायक प्रवक्ता
निर्वाचन आयोग

# निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार

- निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने
- मतदाताको नामावली तयार गर्ने
- राष्टिय महत्वको विषयमा जनमत संग्रह गराउने
- उमेदवारको अयोग्यता सम्वन्धमा निर्णय गर्ने
- राजनीतिक दलको दर्ता गर्ने
- आचारसंहिता निर्माण र अनुगमन गर्ने

# क्रमशः

- निर्वाचन विवाद निरुपण गर्ने
- राजनीतिक दलको नियमन र व्यवस्थापन गर्ने
- निर्वाचन कानून निर्माण गर्ने

  (नियमावली, निर्देशिका, कार्यविधि, आचारसंहिता)
- मतदाता शिक्षा कार्यक्रम सन्चालन गर्ने
- समन्वय र सहकार्य

# क्रमशः

- निर्वाचन सम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने, त्यसको कार्यान्वयन र अनुगमन गर्ने,
- निर्वाचन सम्बन्धी सुधारका विषयमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने,
- निर्वाचन सम्बन्धी सूचना तथा तथ्याङ्कलाई एकीकृत गरी अभिलेखको व्यवस्थापन गर्ने,
- निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार गर्ने ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# पर्यवेक्षण सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ मा भएको व्यवस्था

पर्यवेक्षण गर्न दिन सक्ने

- कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित काम कारबाहीको पर्यवेक्षण गर्नका लागि अनुमति दिन सक्ने,
- अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले आयोगले पर्यवेक्षणका निमित्त तोके बमोजिमको कार्यविधि पूरा गरी पर्यवेक्षण गर्नु पर्ने र त्यस्तो कार्यविधि पालना नगरी पर्यवेक्षण गर्ने व्यक्ति वा संस्थाको अनुमति आयोगले रद्द गर्ने,

**क्रमशः**

- अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीस दिन भित्र त्यसको प्रतिवेदन आयोग समक्ष दिनु पर्ने,
- पर्यवेक्षणका लागि अनुमति प्राप्त गरेका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले पर्यवेक्षण गर्दा आयोगले बनाएको आचारसंहिता पालना गर्नु पर्ने ।

# पर्यवेक्षण सम्बन्धमा निर्वाचन आयोग नियमावली, २०७३ मा भएको व्यवस्था

पर्यवेक्षणको लागि अनुमति दिने

- निर्वाचनसँग सम्बन्धित काम कारबाहीको पर्यवेक्षण गर्न चाहने स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थाले अनुमतिको लागि आयोगले तोकेको अवधिभित्र आयोग समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्ने,
- निवेदन मनासिब देखिएमा आयोगले पर्यवेक्षणको लागि अनुमतिपत्र दिने,
- अनुमति पाएको व्यक्ति वा संस्थाका पर्यवेक्षकलाई आयोगले पर्यवेक्षक परिचयपत्र दिने,

## क्रमशः

पर्यवेक्षणको लागि अनुमति दिने

- अनुमति पाएको व्यक्ति वा संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीस दिनभित्र पर्यवेक्षण गरिएका स्थान, पर्यवेक्षणको विधि, पर्यवेक्षणमा संलग्न जनशक्तिको नाम, पर्यवेक्षणको क्रममा देखिएका कुरा तथा सुधारको लागि सिफारिस सहितको प्रतिवेदन आयोगसमक्ष पेश गर्नु पर्ने,
- आयोगले कुनै निर्वाचनको सम्बन्धमा पर्यवेक्षण गर्न राष्ट्रिय पर्यवेक्षण संघ, संस्थालाई मात्र अनुमति दिने गरी तोक्न सक्ने,
- निर्वाचन पर्यवेक्षण सम्बन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुने ।

# स्थानीय तह

- स्थानीय भौगोलिक एकाई : गाउँपालिका, नगरपालिका र जिल्ला
- स्थानीय कार्यकारी संयन्त्र : गाउँकार्यपालिका, नगरकार्यपालिका र जिल्ला समन्वय समिति
- स्थानीय व्यवस्थापिकीय संयन्त्र : गाउँसभा, नगर सभा, जिल्ला सभा

  ✓गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय कायम गर्न जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था

# स्थानीय तहको संरचना

गाउँसभा तथा गाउँ कार्यपालिका

नगर सभा तथा नगर कार्यपालिका

जिल्ला सभा तथा जिल्ला समन्वय समिति

# स्थानीय व्यवस्थापिका

## गाउँ सभा, नगर सभा र वडा समितिको गठन

अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडावाट निर्वाचित २ जना महिला सहित ४ जना सदस्य र दलित वा अल्पसंख्यक समुदायवाट गाउंसभाले निर्वाचित गरेका २ जना सदस्य रहने ।

नगर कार्यपालिका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित २ जना महिला सहित ४ जना सदस्य र दलित वा अल्पसंख्यक समुदायवाट नगरसभाले निर्वाचित गरेका ३ जना सदस्य रहने ।

एकजना वडा अध्यक्ष र २ जना महिला सहित चारजना सदस्यहरू रहने ।

# स्थानीय कार्यपालिका

- स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने,
- गाउँ कार्यपालिकामा एक जना अध्यक्ष, एकजना उपाध्यक्ष, प्रत्येक वडावाट निर्वाचित वडा अध्यक्ष र गाउँसभाका सदस्यहरुले आफूमध्येवाट निर्वाचित गरेका ४ जना महिला सदस्य र तोकिएको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायवाट गाउँसभाले निर्वाचित गरेका २ जना सदस्य ।
- नगर कार्यपालिकामा एक जना प्रमुख, एकजना उपप्रमुख र प्रत्येक वडावाट निर्वाचित वडा अध्यक्ष र नगरसभाका सदस्यहरुले आफूमध्येवाट निर्वाचित गरेका ५ जना महिला सदस्य र तोकिएको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायवाट नगरसभाले निर्वाचित गरेका ३ जना सदस्य रहने ।

# जिल्ला सभा र जिल्ला समन्वय समिति

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बीच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा जिल्ला भित्रका प्रत्येक गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उप प्रमुख सदस्य रहने ।
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख र कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि पाँच वर्षको हुने ।
- सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगरसभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने,
- जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्ने ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तहमा निर्वाचन प्रणाली

- अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र दलित महिला सहित दुई महिला वडा सदस्यको निर्वाचन गोप्य मतदानको प्रकृयाद्वारा एक पद एक मतको आधारमा **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली ।**

- अन्य दुई वडा सदस्यको निर्वाचन गोप्य मतदानको प्रकृयाद्वारा **एकमुष्ठ मत प्रणाली ।**

# स्थानीय तहमा निर्वाचन प्रणाली

- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यको लागि **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली** ।
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली** ।
- जिल्ला समन्वय समितिका पदाधिकारीहरुको निर्वाचन **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली ।**

# स्थानीय तह सदस्य निर्वाचन, २०७९

## मतदान

- २०७९ वैशाख ३० गते,
- विहान ७ :00 बजेदेखि अपरान्ह ५ :00 बजेसम्म,
- २०७९ वैशाख २९ गतेसम्म अठार वर्ष उमेर पूरा भई अन्तिम मतदाता नामावलीमा नाम भएका नेपाली नागरिकले यो निर्वाचनमा मताधिकार प्राप्त गर्ने,
- मतदाता जम्मा १,७७,३३,७२३ मतदान स्थल १०,७५६ र मतदान केन्द्र २१,९५५

# स्थानीय तह निर्वाचन सम्बन्धी कानूनी व्यवस्था

- नेपालको संविधान,
- निर्वाचन आयोग ऐन, २०७३
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- मतदाता नामावली ऐन, २०७३
- निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३
- निर्वाचन आचारसंहिता, २०७८
- नियमावलीहरु
- निर्देशिका तथा कार्यविधिहरु

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन कार्यक्रम

स्थानीय तह निर्वाचन, २०७९

## स्थानीय तह सदस्य निर्वाचन कार्यक्रम

| क्र.स. | क्रियाकलाप | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७९/०१/११ | २०७९/०१/१२ | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७९/०१/१२ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिने | २०७९/०१/१३ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ४ | मनोनयन पत्र जाँच गर्ने र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७९/०१/१४ | २०७९/०१/१५ | १०.०० | १७.०० | ऐ.ऐ. | २०७९/०१/१४ गते १०.०० बजेदेखि २०७९/०१/१५ गते १७.०० बजेसम्म |
| ५ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७९/०१/१५ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०७९/०१/१६ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७९/०१/१६ | | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७९/०१/१७ | | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०७९/०१/३० | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

☞ *मौन अवधि मतदान शुरु हुनभन्दा ४८ घण्टा अगाडि (२०७९ बैशाख २७ गते राती १२.०० बजेदेखि) बाट लागू हुनेछ ।*

☞ *प्रत्येक मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतले सुरक्षित रूपमा प्राप्त गरेपछि मतगणना कार्य शुरू गर्नु पर्नेछ ।*

☞ *मतगणना कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले तत्कालै निर्वाचन परिणाम घोषणा गर्नु पर्नेछ ।*

# निर्वाचन कार्यक्रम

| | |
|---|---|
| • मनोनयनपत्र दर्ता | वैशाख ११ र १२ |
| • मनोनयन दर्ता भएको उम्मेदवारको सूची प्रकाशन | वैशाख १२ |
| • उम्मेदवारको विरोधमा उजुरी दिने | वैशाख १३ |
| • मनोनयनपत्र जाँच र उजुरी उपर जाँचबुझ | वैशाख १४ र १५ |
| • मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन | वैशाख १५ |
| • नाम फिर्ता लिने र अन्तिम नामावली प्रकाशन | वैशाख १६ |
| • निर्वाचन चिन्ह प्रदान | वैशाख १७ |

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन तयारी तथा व्यवस्थापन

- निर्वाचन व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक निर्देशिका, कार्यविधि लगायतका कानुनी व्यवस्था तयार भइसकेका,
- निर्वाचन अधिकृतको कार्यालय २०७९ वैशाख ८ मा स्थापना भई वैशाख ११ र १२ मा मनोनयन पत्र दर्ता भइसकेको,
- मतपत्र छपाइको काम अन्तिम चरणमा पुगेको,
- मतदाता परिचयपत्र छपाइको काम सम्पन्न भएको,
- आयोगमा निर्वाचन सामग्री प्राप्त गरी आवश्यक सुरक्षा व्यवस्था सहित जिल्ला पठाउने कार्य भइरहेको,

**क्रमशः**

- निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालयहरु र अन्य आवश्यक स्थानमा आवश्यक सुरक्षा व्यवस्था सहित निर्वाचन तयारीका कार्यहरु सुचारु ढंगले अगाडि बढिरहेको,
- मतदाता नामावली तथा मतपत्र छपाइका लागि सुरक्षा निकायबाट सुरक्षा प्रदान भइरहेको,
- विगतका निर्वाचनमा मतपत्र ढुवानी कार्यमा नेपाली सेनाबाट सुरक्षा प्रदान भइरहेको,

क्रमशः

- मतदान अधिकृत तथा सहायक मतदान अधिकृतको तालिमको तयारी भइरहेको (वैशाख २१ भित्रमा सम्बन्धित जिल्लामा)
- वैशाख २८ र २९ सम्बन्धित मतदान केन्द्रबाट मतदाता परिचयपत्र वितरण हुने,
- वैशाख २८ र २९ गते मतदान स्थलमा स्वयम्‌सेवकबाट मतदाता शिक्षा प्रदान गरिने ।



# निर्वाचनको लागि हातेमालो







